# मकालु गाउँपालिका
## MAKALU RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
स्था: २०७३(Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्या: २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं: १८५
Dispatch No.: 

मितिः२०८३/०३/३२ गते
ने.स.११४६,

सूचना । सूचना ।। सूचना ।।।

**सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण तथा शिविर सञ्चालन सम्बन्धि अत्यन्त जरूरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०८२ को नियम(७) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि असोज मसान्त सम्म नविकरण गराई सक्नु पर्ने कानुनी प्रावधान रहेको र आ.व. २०८३/०८४ सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित बनाउन नविकरण गर्दा राष्टिय परिचय नम्बरका आधारमा जैविक पहिचान (Biometric verification)अनिवार्य गरेको हुँदा सोही अनुसार यस गाउँपालिकाका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्रास गर्ने लाभग्राहीहरुले २०८३ श्रावण १ गते देखि असोज मसान्त सम्म आ-आफ्नो वडा कार्यालयहरुमा तपसिलका कागजात सहित स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न/ गराउन हुन र मकालु गा.पा.का काठमाण्डौं,सुनसरी, मोरङ र झापा हुनुहुने लाभग्राहीहरुले तपशिल बमोजिमको स्थान र समयमा शिविर सञ्चालन हुने हुँदा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न/ गराउन हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**नविकरण गर्न आवश्यक कागजातः**

| सामाजिक सुरक्षा भत्ताको किसिम | आवश्यक कागजात | कैफियत |
|---|---|---|
| १.जेष्ठ नागरिक भत्ता(अन्य) | नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र,राष्ट्रिय परिचयपत्र, पासपोर्ट फोटो-२। | स्वयम् उपस्थित हुने । ९० वर्ष माथिका संरक्षकको उपस्थिति सहित |
| २.जेष्ठ नागरिक (दलित) | नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र,राष्ट्रिय परिचयपत्र, पासपोर्ट फोटो-२। | स्वयम् उपस्थित हुने । |
| ३.जेष्ठ नागरिक(एकल )महिला | नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र,राष्ट्रिय परिचयपत्र, पासपोर्ट फोटो-२। | स्वयम् उपस्थित हुने । |
| ४.विधवा | नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र,राष्ट्रिय परिचयपत्र, पासपोर्ट फोटो-२,पतिको मृत्यु दर्ता प्रमाणपत्र, अविवाहित प्रमाणपत्र । | स्वयम् उपस्थित हुने । |
| ५.पूर्ण अपाङ्गता (क) वर्ग तथा अति अशक्त अपाङ्गता (ख) वर्ग | नेपाली नागरिकताको प्रमाणपत्र/जन्मदर्ताको प्रमाणपत्र,सामाजिक सुरक्षा भत्ता परिचयपत्र,संरक्षकको नागरिकता,अपाङ्ग परिचयपत्र, पासपोर्ट फोटो-२ । | संरक्षक सहित उपस्थित हुने । |
| ६.दलित बालबालिका | जन्मदर्ताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र,संरक्षकको नागरिकता, पासपोर्ट फोटो-२। | संरक्षक सहित उपस्थित हुने । |

शाखा प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

# मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
स्था: २०७३(Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्या: २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं:
Dispatch No.: 9८2५

काठमाण्डौं र इटहरिमा शिविर सञ्चालन तपसिल बमोजिमः

| क्र.स. | मिति | समय | स्थान |
|---|---|---|---|
| १ | २०८३/०४/२०-२४ गते सम्म | १०:००-५:०० बजे सम्म | आकास धारा वेसक्याम्प रेसटुरेन्ट, कपन काठमाण्डौं |
| २ | २०८३/०४/२७-२८ गते सम्म | १०:००-५:०० बजे सम्म | इटहरि, सुनसरी |
| सम्पर्क नम्बर:९८५२०५११५५,९८४०२०४०८० | | | |

नोटः-तोकिएको समयावधि भित्र नविकरण नभएका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ७ को उपदफा ८ बमोजिम लगतकट्टा हुनेछ ।

शाखा प्रमुख

छिङ दोर्जि लामा
नि. प्रमुख प्रशासकीय अधिकृत